# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५८६ मिति :- २०६९/५/२७

श्री नेपाल राष्ट्र बैंक, बैकिङ्ग कार्यालय लगायत सम्पूर्ण कार्यालयहरु तथा इजाजतपत्रप्राप्त “क” र राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरू ।

**विषय :- <u>बैंक तथा वित्तीय संस्थाहरुले विदेशस्थित एजेन्सी बैंकहरुमा राख्न सक्ने विदेशी विनिमय मौज्दात तथा डेरिभेटिभ्स (Derivatives ) उपकरण सम्वन्धी कारोबार बारे ।</u>**

महाशय,

यस बैंकबाट इजाजतपत्रप्राप्त “क” र राष्ट्रिय स्तरका “ख” वर्गका बैंक तथा वित्तीय संस्थाहरुले आफूसंग मौज्दात रहेको परिवर्त्य विदेशी मुद्राको लगानी व्यबस्थापन तथा विनिमय दरमा हुने उतारचढावको कारणले हुन सक्ने जोखिम व्यबस्थापनको लागि विदेशी मुद्रा बजारमा प्रचलित बिभिन्न डेरिभेटिभ्स (Derivatives) उपकरण सम्बन्धी कारोवारहरु आ-आफ्नो संचालक समितिले तोकेको नीतिगत मापदण्डभित्र रही तथा बैंकहरुले आफ्नो विदेशी एजेन्सी बैंकहरुमा मौज्दातको रुपमा राखी लगानी गर्ने सम्बन्धमा देहाय वमोजिमका व्यवस्था गरिएकोले सोही बमोजिम गर्नु/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

(१) लगानी व्यबस्थापनलाई देहाय बमोजिम हुने गरी गर्नु/गराउनु पर्नेछ ।

(क) अन्तरराष्ट्रिय वित्तीय संस्था र विदेशी सरकारवाट जारी भएका बिभिन्न प्रकार र अवधिका (तल दफा ७ मा उल्लेख भए बमोजिम हुनेगरी) ऋणपत्र, निक्षेप प्रमाणपत्र लगायतका विविध उपयुक्त उपकरणहरुमा लगानी गर्न सकिने छ ।

(ख) परिवर्त्य विदेशी मुद्राको निक्षेपवाट प्राप्त र आफूसंग मौज्दात रहेको परिवर्त्य विदेशी मुद्रा मात्र लगानी गर्न सकिने छ ।

(ग) यस्तो लगानी प्रयोजनको लागि अन्तरराष्ट्रिय वा विदेशी बैंक तथा बित्तीय संस्थावाट कुनै किसिमको ऋण लिन पाइने छैन ।

(२) विदेशी मुद्रा बजारमा प्रचलित Forward, Futures, Options, Swap जस्ता डेरिभेटिभ्स (Derivatives) उपकरण सम्वन्धी कारोवार गर्न सकिनेछ ।

(३) दफा (१) को खण्ड (क) र खण्ड (ख) मा उल्लिखित कारोवारहरु गर्दा उत्पन्न हुने विनिमय लगायतका जोखिम सम्वन्धित बैंक तथा बित्तीय संस्थाले नै व्यहोर्नु पर्नेछ ।

(४) बैंक/वित्तीय संस्थाहरुले आफूसंग रहेको परिवर्त्य विदेशी मुद्राको निक्षेप वापतको सम्पूर्ण रकम विदेशी एजेन्सी बैंकहरुमा मौज्दातको रुपमा राख्न सक्ने छन् ।

(५) बैंक/वित्तीय संस्थाहरुले अग्रिम विनिमय कारोवार (Forward Exchange Contract) गरेको अवस्थामा सो करार दायित्वको सम्पूर्ण रकम विदेशी एजेन्सी बैंकहरुमा मौज्दातको रुपमा राख्न सक्ने छन् । विदेशी विनिमय कारोवारमा अग्रिम विनिमय (Forward Exchange ) को सुविधा उपलव्ध गराउने सम्बन्धमा देहायमा उल्लिखित कार्यविधि तथा शर्तहरुको अधिनमा रही गर्नु पर्नेछ ।

(क) सम्बन्धित बैंकहरु आफैले अग्रिम विनिमयदर (Forward Exchange Rate) निर्धारण गर्नु पर्नेछ ।

(ख) अग्रिम विनिमय कारोवार गर्दा निवेदकको आवश्यकताको आधार (Need Based) लाई एकीन गरेर मात्र गर्नु पर्ने छ ।

(ग) यस प्रकार गरिएको अग्रिम विनिमय कारोवारको Cover नेपाल राष्ट्र बैंक मार्फत प्राप्त हुने छैन अर्थात् यसबाट हुन सक्ने लाभ हानी दुवै सम्बन्धित बैंकले नै व्यहोर्नु पर्ने छ ।

(६) बैंक/वित्तीय संस्थाहरुले खोलेको आयात प्रतीतपत्र लगायत अन्य विदेशी विनिमय दायित्वको बढीमा २५ (पच्चीस) प्रतिशत बराबर विदेशी मुद्रा मात्र विदेशी एजेन्सी बैंकहरुमा मौज्दातको रुपमा राख्न सक्ने छन् ।

"दफा (४), (५) र (६) मा जुनसुकै कुरा लेखिएको भएतापनि दफा (४), (५) र (६) बमोजिमको मौज्दात नरहेका वा त्यस्तो मौज्दात रहेपनि अमेरिकी डलर २ लाखभन्दा कम भएका बैंक तथा वित्तीय संस्थाहरूले आफ्नो अन्तर्राष्ट्रिय भुक्तानी कारोवार संचालन गर्ने प्रयोजनका लागि न्यूनतम अमेरिकी डलर २ लाखसम्म विदेशी विनिमय मौज्दातको रुपमा आफूसँग राख्न पाउने छन् ।"

(७) बैंक तथा वित्तीय संस्थाहरुले एजेन्सी मौज्दातबाट आफ्नो दैनिक तरलतामा प्रतिकूल असर नपर्ने गरी बढीमा एक वर्ष वा सो भन्दा कम अवधिको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य उपकरणहरुमा लगानी गर्न सक्नेछन् । सो भन्दा बढी अवधिका लागि लगानी गर्नु परेमा आफ्नो नीतिगत व्यवस्था अन्तरगत रही एजेन्सी बैंकहरुमा रहेको कूल मौज्दातबाट बढीमा ३० प्रतिशत सम्म २ वर्षे अवधि सम्मको कल डिपोजिट, सर्टिफिकेट अफ डिपोजिट वा यस्तै अन्य न्युन जोखिम भएका उपकरणहरुमा लगानी गर्न सकिनेछ ।

(८) यस बैंकबाट मिति २०६४/४/२२ मा जारी इ.प्रा. परिपत्र संख्या: ४५७, मिति २०६६/४/२० मा जारी इ.प्रा. परिपत्र संख्या: ५०८, मिति २०६७/४/२५ मा जारी इ.प्रा. परिपत्रसंख्या: ५४० र मिति २०६७/६/१९ मा जारी इ.प्रा. परिपत्र संख्या: ५४७ खारेज गरिएको छ । साथै खारेज गरिएका परिपत्र अन्तरगत भए गरेका कामकारवाही यसै परिपत्र अन्तरगत भए गरेको मानिनेछ ।

भवदीय,

(लिलाप्रकाश सिटौला)
कार्यकारी निर्देशक

**बोधार्थ:**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
५. श्री बैंक सुपरिवेक्षण विभाग ।
६. श्री वित्तीय संस्था सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।ललल
१०. श्री डेभलपमेन्ट बैंकर्स एशोसिएशन, पो.व.नं. २१०२६, अनामनगर, काठमाण्डौ ।